का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक ३००
❑ ९ पुस २०७८, शुक्रबार
❑ 24 December 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।



दोस्रोपटक नेपाली काँग्रेसको सभापति दोहोरिएका शेरबहादुर देउवा प्यानलका दुई तिहाइ बढी उम्मेदवार केन्द्रीय कार्य समितिमा निर्वाचित भएका छन् ।

# देउवालाई दुई तिहाइ

प्रत्यक्ष निर्वाचित भएका १३४ मध्ये संस्थापन समूहको प्यानलका १०९ उम्मेद्वार बिजयी भए पनि डा.शेखर कोइरालाको प्यानलबाट २३ जना मात्रै विजयी भए ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ पुस ।

नेपाली काँग्रेसको केन्द्रीय कार्य समितिमा दुई तिहाइ बढी बहुमत सभापति शेरबहादुर देउवालाई मिलेको छ। राजधानी उपत्यकामा गएको २४ मंसिरबाट शुरु भएको १४औं महाधिवेशनमा पदाधिकारी सहित १३४ जना निर्वाचित भएका छन्। केन्द्रीय कार्य समितिको अन्तिम मतपरिणाम बिहीबार आएको हो। २७ मंसिरमा भएको मतदानको गणना सकिन एक साता बढी लागेको छ।

बिहीबार आएको अन्तिम परिणाम अनुसार, सभापति देउवा प्यानलबाट उम्मेद्वारी दिएका मध्ये १०९ जना निर्वाचित भए। यो भनेको ८१ प्रतिशत बढी हो। संस्थापन इतर समूहबाट भने २३ जना मात्रै निर्वाचित भएका छन्। पदाधिकारीमा पनि देउवा प्यानलबाट उम्मेद्वारी दिएका मध्ये सात जनाले

– बाँकी पृष्ठ २ मा

# सुस्तायो बार, उत्साहित प्रधानन्यायाधीश !

न्यायालयको विश्वास कायम राख्न प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै नेपाल बार एशोसिएशन गएको कात्तिक दोस्रो सातादेखि आन्दोलित छन् । तर बारको आन्दोलन केही सुस्ताउँदा प्रधानन्याधीशको भने मनोबल बढेको देखिन्छ ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ८ पुस ।

न्यायालयको विश्वाश जोगाउन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले राजीनामा दिनुपर्ने माग सहित नेपाल बार एसोसिएसनको आन्दोलन कायमै छ । बिहीबार आन्दोलनसभालाई सम्बोधन गर्दै बारका अध्यक्ष चण्डेश्वर श्रेष्ठले अब प्रधानन्यायाधीश जबरालाई महाअभियोगको विकल्प नरहेको बताए। सभा सम्बोधन गर्दै अध्यक्ष श्रेष्ठले महाअभियोग लाग्नसक्ने बताएका हुन्।

अध्यक्ष श्रेष्ठले राजनीतिक दलहरुको संकेत आफूले पाएको बताए । बारले प्रधानन्यायाधीश जबराले राजीनामा गर्नुपर्ने नभए महाअभियोग लगाउनुपर्ने १४ कारण राजनीतिक दलहरुलाई बुझाएको थियो। तर सत्ता साझेदार र प्रमुख विपक्षी दलबाट चित्तबुझ्दो जवाफ भने बारले पाएको थिएन। बिहीबार आन्दोलनको कार्यक्रम सकेपछि बारका अध्यक्ष श्रेष्ठले महाअभियोगको संकेत पाएको बताए ।

"न्यायालयको गरिमा कायम राख्न, निष्पक्ष, स्वच्छ



र स्वतन्त्र बनाउन सरकार देखि विपक्षी दलसम्मले विशेष पहल र भूमिका निर्वाह गर्न आवश्यक छ" अध्यक्ष श्रेष्ठले भने, "यसतर्फ अहिले दलका नेताज्यूले ध्यान दिने कि भन्ने संकेत पाएका छौं ।" तर अझै पनि प्रधानन्यायाधीशले चाहेमा त्यो अवस्था नआउने चेतावनी उनले दिएका छन्। प्रधानन्यायाधीश जबरा भने राजीनामा नदिने अडानमै छन्।

अध्यक्ष श्रेष्ठले राजीनामा नआए प्रधानन्यायाधीशको बहिर्गमनबारे चाँडै छलफल हुने र निष्कर्षमा पुग्ने बताए। "प्रधानन्यायाधीशको आगमन जति दिन हुन्छ त्यति नै न्यायपालिकाको आस्था तल झर्दै जान्छ" श्रेष्ठले भने, "बर्हिगमन गराउने एउटा अर्को बाटो छ, संसद । त्यो थलो अहिले पनि चलिरहेकाले छलफल हुने नै छ र छिट्टै हुन्छ ।"

बारले प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै गएको कात्तिक १४ गतेदेखि आन्दोलन जारी राखेको छ। प्रधानन्यायाधीश जबराले राजीनामा नदिएसम्म आन्दोलन जारी राख्ने बारको अडान छ। शुरुमा सर्वोच्च अदालतका न्यायाधीशहरुले पनि इजलास बहिष्कार गरेका थिए । सरकारसँग मन्त्री कोटामा लिएपछि न्यायाधीशहरुले फुलकोर्ट पनि बहिष्कार गरेका थिए। तर गएको १५ मंसिरदेखि भने न्यायाधीशहरुले बीचको बाटो अपनाए । प्रधानन्यायाधीश बाहेकका न्यायायाधीशहरुको फुलकोर्टले इजलास गोलाप्रथाबाट तोक्ने निर्णय लिए । त्यसै निर्णयअनुसार, गोलाप्रथा तानेर सुनुवाइ भइरहेको छ। प्रधानन्यायधीशसँग

– बाँकी पृष्ठ २ मा

## मलेसियाली कम्पनीमाथि श्रम शोषणका आरोप बढ्दै

# अमेरिकाद्वारा ब्राइट वे ग्रुपका उत्पादनमा प्रतिबन्ध

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, ८ पुस ।

मलेसियाली कम्पनीहरुमाथि श्रम शोषणका आरोप बढ्दै गएको छ। यसैक्रममा आप्रवासी श्रमिकमाथि शोषण गरेको आरोप लगाउँदै अमेरिकाले मलेसियाको ब्राइट वे ग्रुपका उत्पादनलाई आफ्नो देशमा आयात गर्न प्रतिवन्ध लगाएको छ।

यसअघि आप्रवासी कामदारको शोषण गरेको आरोप लगाउँदै अमेरिकाले टप ग्लोव्स लगायतका उत्पादनमा पनि पटक पटक प्रतिवन्ध लगाउदै आएको थियो। अमेरिकाले पछिल्लोपटक ब्राईट वेका उत्पादनमा प्रतिवन्ध लगाएको हो। उक्त कम्पनीका उत्पादनमाथिको बन्देज अनिश्चित समयका लागि भएको बताइएको छ। कोरोना भाइरसको संक्रमण शुरूहुनु अघि अमेरिकाले टप ग्लोव्स, हार्टालेगा, डव्लुआरपी कम्पनीमाथि आप्रवासी मजदुरलाई न्यून तलव दिएको, वासस्थानको उचित प्रवन्ध नगरेको, कार्यस्थलमा न्यूनतम सुविधाको अभाव रहेको, अतिरिक्त समय काममा लगाउने तर त्यस समयको पारिश्रमिक नदिएको जस्ता आरोप लाग्ने गरेको थियो। अमेरिकी दवावपछि टप ग्लोब्स लगायत धेरै कम्पनीले सुविधा सम्पन्न होस्टल निर्माण शुरूवात गरेको बताएका छन्। कतिपय कम्पनीले भर्ना शुल्क फिर्ता गरेका छन्।

यसैबीच कोभिड-१९ को प्रकोप नियन्त्रणका लागि तोकिएको प्रकृया उल्लंघन गर्ने कम्पनीलाई मलेसियले ठूलो रकम जरिवाना गर्ने बताएको छ।

मलेसियाले कोभिड नियन्त्रण सम्वन्धी पुरानो नियमलाई पुनरावलोकन गर्दै कम्पनी, कारखाना र सरकारी निकायलाई संक्रामक रोग रोकथाम तथा नियन्त्रण ऐन उल्लंघन गरेमा एक लाख रिगेटसम्म जरिवाना गर्न सक्ने बनाइएको छ। हालको त्यस्तो जरिवाना ५० हजार रिंगेट रहेको छ। व्यक्तिहरूका लागि त्यस्तो जरिवाना १० हजार रिंगेट छ। संक्रामक रोग नियन्त्रणलाई प्रभावकारी बनाउन नियम संशोधन गरेको मलेसियाको भनाइ छ।

### वैदेशिक रोजगार विशेष

## मलेसियामा अवैधानिकलाई घर फर्किन थप अवसर

**काठमाडौं, मस**–मलेसियाले अवैधानिक आप्रवासी कामदारहरुलाई स्वदेश फर्किन वा बैधानिक हुन दिएको समयसिमा ६ महिना थप गरेको छ। आगामी डिसेम्बरसम्म ५ सय रिंगेट जरिवाना तिरेर स्वदेश फर्काइने गरिएको छ । मलेसियाले नयाँ बर्षसँगै अवैधानिक विदेशी कामदारलाई व्यापक रूपमा पक्राउ गर्ने बताएको थियो। नयाँ प्रावधानले अवैधानिक रूपमा बसेकाहरू अव ३० जुन २०२२ सम्म ५ सय रिंगेट तिरेर स्वदेश फर्किन पाउने बताइएको छ।

# नजर चुनावतिर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ पुस ।

प्रमुख राजनीतिक दलहरुले आन्तरिक महाधिवेशन पछि आम चुनावतिर केन्द्रीत गर्दैछ। मंसिरमा मात्रै नेकपा एमाले, नेपाली काँग्रेस, राप्रपा र नेकपा मालेले पार्टी महाधिवेशन गरेका छन्। अब पुस ११ गतेदेखि नेकपा माओवादी केन्द्रको राष्ट्रिय सम्मेलन गर्दैछ। सवै दलले एकैपटक महाधिवेशन गरेपछि भने आमचुनाव केन्द्रीत गतिविधि हुने देखिन्छ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारलाई चुनावबारे बिहीबार नै ध्यानाकर्षण पनि गराए। पर्सा पुगेका अध्यक्ष ओलीले तीन तहको निर्वाचन घोषणा गर्न माग गरे। जगरनाथपुरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा ओलीले तत्काल तीनै तहको निर्वाचनको घोषणा गर्न माग गरे। हुन त ओलीले मध्यावधि चुनावकै पक्षमा थिए। असंवैधानिक कदम चाल्दै ओलीले दुई पटक प्रतिनिधिसभा विघटनको निर्णय गरेका थिए।

ओलीले ५ पुस २०७७ र ७ जेठ २०७८ मा प्रतिनिधिसभा विघटनको निर्णय गरेका थिए। तर दुवैपटक सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनको निर्णय बदर गरेको थियो। तर अहिले भने बाँकी दलहरुको तयारी पनि आम चुनावमा केन्द्रीत देखिन्छ।

> प्रमुख दलहरुले राष्ट्रिय महाधिवेशन सकेलगतै आम निर्वाचनतिर केन्द्रीत गर्ने तयारी गरिरहेका छन् । काँग्रेस, एमाले, राप्रपा, माले पछि अब माओवादी केन्द्रले सम्मेलन गर्दैछ । त्यसपछि भने सवै दलको ध्यान आम चुनावतिर केन्द्रीत हुँदैछ ।

निर्वाचन आयोगले पनि चुनावको तयारी भइरहेको जनाएको छ। बुधबार मात्रै प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले जनप्रतिनिधिको पाँचवर्षे अवधि पूरा हुनै लागेकाले आउने वैशाख २० गते ७५३ वटै स्थानीय तहको निर्वाचन गर्ने तयारीमा जुटेको थपलियाको भनाइ थियो।

थपलियाले रिक्त स्थानीय तहको चुनाव नहुने संकेत गरेका थिए। राजनीतिक उचारबढाबका कारण स्थानीय तह मात्रै नभएर प्रदेश र प्रतिनिधिसभा सदस्य पद समेत रिक्त छ। दल परित्याग गरेका १४ जना प्रदेशसभा सदस्य पद रिक्त छ। माओवादी छोडेका ९, एमाले छोडेका चार र जनमोर्चा छोडेका एक प्रदेशसभा सदस्य पदमुक्त भएका छन्। एमालेका दुई प्रदेशसभा सदस्यले राजीनामा दिए।

तर उक्त स्थानमा उपनिर्वाचन भएको छैन। अब आम चुनावकै बेला भएकाले यसबारे सरकारले कुनै निर्णय गरेको छैन। प्रमुख आयुक्त थपलियाले भने २०७९ फागुनभित्र सबै प्रदेशको प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रपति, उपराष्ट्रपति पदको निर्वाचन सक्ने तयारी भइरहेको बताएका छन्।

# नरहरिनाथका २३७ घरधुरीमा खानेपानी धारा

**खडानन्द अधिकारी/मध्यान्ह**
कालिकोट, ८ पुस



कालिकोट नरहरिनाथ गाउँपालिका-९ लालुमा खानेपानी धारा जडान गरिएको छ ।

'एक घर एक खानेपानी धारा' कार्यक्रमअन्तर्गत २३७ घरधुरीमा खानेपानीका धारा जडान समुदायलाई हस्तान्तरण गरिएको हो ।

एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम वार्म पी हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपालको आर्थिक सहयोगमा नरहरिनाथ गाउँपालिकाको साझेदारीमा र हुरेन्डेक नेपाल कालिकोटको सामाजिक तथा प्राविधिक सहयोगमा ती धारा निर्माण भएका छन् ।

नरहरिनाथ गाउँपालिका-९ को लालुमा तल्लो रानीरहडा खानेपानी तथा सरसफाइ आयोजनामार्फत २३७ घरधुरीमा खानेपानीका धारा जडान गरिएको गाउँपालिकाका अध्यक्ष धीरबहादुर विष्टले बताए ।

हेल्भेटास नेपालको आर्थिक सहयोग र स्थानीय साझेदार संस्था हुरेन्डेक नेपालको प्राविधिक सहयोगमा रु दुई करोड ५५ लाख १२ हजार ७९७ लागतमा खानेपानी आयोजना सम्पन्न भएको हो ।

उनले भने, 'हेल्भेटासको रु एक करोड, नरहरिनाथ गाउँपालिकाको रु एक करोड लगानी र बाँकी स्थानीयवासीको श्रमदानमा ती आयोजना सम्पन्न भएको हो ।'

यसभन्दा अगाडि नरहरिनाथ गाउँपालिका-९ लालुमा ३८२ घरधुरीमा खानेपानीको धारा निर्माण गरिएको थियो । त्यसै आयोजनामार्फत थप २३७ गरेर गाउँमा अहिलेसम्म ६१९ घरधुरीमा खानेपानीको पहुँच पुगेको गाउँपालिका अध्यक्ष विष्टले बताए ।

# दर्शनाद्वारा पार्टी परित्यागको घोषणा

**काठमाडौं/मस-**विवेकशील साझा पार्टीकी नेत्री रञ्जु दर्शनाले पार्टी परित्याग गरेकी छन् ।

बिहीबार विज्ञप्ति जारी गरी पार्टीको मूल नेतृत्वप्रति असन्तुष्टि जनाउँदै पार्टीमा लिएको जिम्मेवारीका साथै साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट अलग भएको घोषणा गरेकी हुन् । उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'म आफूले लिएको सम्पूर्ण जिम्मेवारी र हरेक पदबाट साधारण सदस्यसमेत नरहने गरी विवेकशील साझा पार्र्टीसँगको संलग्नताबाट आफूलाई स्वतन्त्र पार्दछु ।' आगामी स्वतन्त्र नागरिकको भूमिकामा मात्रै राजनीतिरुपमा सक्रिय हुने भन्दै नेत्री दर्शनाले सो पत्रमा राजनीतिक यात्राको मोडमा वैकल्पिक राजनीति भनेर अघि बढिरहेको संगठन, मूल नेतृत्व नै सही नभएको आरोप लगाएकी छन् । उनले तत्कालीन विवेकशील नेपाली दलको संस्थापक सदस्य हुन् । उनी स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाको प्रमुख पदको उम्मेदवारसमेत बनेकी थिइन् ।



# सात हजारले बनाए राष्ट्रिय परिचयपत्र

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, ८ पुस

लमजुङमा सात हजार ७ सय ५६ जनाले राष्ट्रिय परिचयपत्र बनाएका छन् । जिल्ला प्रशासन कार्यालयका अनुसार २०७७ साउन ३१ गतेदेखि शुरु भएको परिचयपत्र बनाउन थालिएको हो ।

जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी जगदीश मिश्रले पुरुष चार हजार ३८८ तथा महिला तीन हजार ३३८ ले राष्ट्रिय परिचयपत्र बनाएका हुन् । चालू आर्थिक वर्ष २०७८/७९ को साउनदेखि हालसम्म दुई हजार ३७६ जनाले राष्ट्रिय परिचयपत्र बनाएका छन् । यीमध्ये ९८७ महिला र एक हजार ३८९ पुरुष छन् । त्यस्तै, गत आवमा पाँच हजार ३८० जनाले राष्ट्रिय परिचयपत्र बनाएका थिए । यीमध्ये महिला दुई हजार ३८१ र पुरुष दुई हजार ९९९ रहेको मश्रले बताए ।

चार/चार महिनामा राष्ट्रिय परिचयपत्र वितरण गर्ने भनिए पनि हालसम्म सबै नागरिकले परिचयपत्र प्राप्त गर्न सकेका छैनन् । गण्डकी प्रदेशसभा सदस्य मायानाथ अधिकारीले परिचयपत्र बनाउँदै जिल्लामा अभियानको सुरुआत गरेका थिए ।

परिचयपत्रमा व्यक्तिगत र जैविक (बायोमेट्रिक) गरी दुई विवरण 'इन्ट्री' गरिनेछ । सोह्र वर्ष उमेर पुगेका सबै नेपालीले राष्ट्रिय परिचयपत्र बनाउन पाउने छन् ।

# भक्तपुर-नगरकोट सडक चैत १५ भित्रै सम्पन्न गरिने

**भक्तपुर/मस-** आठ वर्षदेखि अलपत्र भक्तपुर-नगरकोट सडक चैत १५ भित्र सम्पन्न गरिने भएको छ ।

कमलविनायक-नगरकोट सडक निर्माण आयोजना तथा निर्माण कम्पनी शैलुङ कन्स्ट्रक्सनले चैत १५ भित्र सम्पन्न गर्ने प्रतिबद्धता जनाएको हो ।

सडक छिटो निर्माण सम्पन्नका लागि दबाब दिन चाँगुनारायण नगरपालिकाले बुधबार रातिसम्म आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा आयोजनाका तर्फबाट सहभागी आयोजना प्रमुख गौतम श्रेष्ठले सातौं पटक थपिएको म्यादभित्र कुनै पनि हालतमा सडक निर्माण सम्पन्न गरेर फर्कने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कार्यक्रममा शैलुङ कन्स्ट्रक्सनका प्रतिनिधिका रुपमा आएका माधव खड्काले यो सडकमा निर्माण कम्पनीका तर्फबाट गम्भीर व्यवस्थापकीय कमजोरी भएको स्वीकार्दै अब म्याद थप नहुने गरी निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन् । कम्पनीकै तर्फबाट आएका अर्का प्रतिनिधि अनुप अधिकारीले यो सडक निर्माणमा ढिलाइ भएको जिम्मेवारी लिँदै आगामी चैत १५ गतेभित्र सबै निर्माण सम्पन्न गरेर हस्तान्तरण गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा नगरपालिकाले सबै दलका पार्टी अध्यक्ष वा प्रतिनिधिहरुलाई कार्यक्रममा बोलाए पनि नेकपा (एमाले) र नेमकिपाबाहेक अरु दलका कोही प्रतिनिधि आएनन् । एमालेका जिल्ला अध्यक्ष बचन देउजा, नेमकिपाका प्रतिनिधिसभा सदस्य प्रेम सुवाल, नेमकिपाका जिल्ला अध्यक्ष न्हुच्छेभक्त फोजूको उपस्थिति रहेको थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी सीता परियारले समयमै काम सम्पन्न गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिइन् । कार्यक्रममा एमाले चाँगुनारायण नगर कमिटीका उपाध्यक्ष जयराम बास्तोला, स्थानीय बासिन्दा सुरज बास्तोलालगायतले निर्माण कम्पनीप्रति आक्रोश व्यक्त गर्दै ठेक्का रद्द गरेर जान आग्रह गरेका थिए ।

### देउवालाई ....

जितेका छन् । सभापति पछिको कार्यकारी पद महामन्त्रीमा देउवा प्यानलको कोही पनि नजितेपनि आठ मध्ये पाँच सहमहामन्त्री देउवा निकट नेता विजयी भएका थिए ।

महामन्त्रीमा देउवा प्यानलबाट डा.प्रकाशशरण महत र प्रदीप पौडेलले उम्मेद्वारी दिएका थिए । तर महत र पौडेल दुवै पराजित भए । देउवा प्यानलबाट पूर्ण खड्का उपसभापतिमा निर्वाचित हुँदा अर्का बिजय गच्छदार भने पराजित भए । गच्छदारलाई डा.शेखर कोइराला प्यालनका धनराज गुरुङले हराउँदै उपसभापति बनेका थिए ।

महामन्त्रीमा भने कोइराला प्यानलबाट गगन थापा र प्रकाशमान सिंह प्यानलबाट विश्वप्रकाश शर्मा निर्वाचित भएका छन् । सिंहले सभापतिमै प्रतिश्पर्धा गरेका थिए । तर ३७१ मत मात्रै पाएपछि दोस्रो चरणको प्रतिश्पर्धा गर्न पाएका थिएनन् । सिंहसँगै विमलेन्द्र निधि र कल्याण गुरूङले पनि सभापतिमा प्रतिश्पर्धा गरेका थिए । दोस्रो चरणको प्रतिश्पर्धामा भने सिंह, निधि र गुरुङले देउवालाई समर्थन गर्दा डा.कोइराला पराजित भए ।

सभापतिमा दोस्रो पटक जितेका देउवालाई केन्द्रीय कार्य समितिमा भने अत्याधिक बहुमत प्राप्त भएको छ । अझै ३३ जना मनोनीत गर्ने अधिकार पनि सभापति देउवालाई छ । दुवै महामन्त्री र एक उपसभापति नआएकाले मात्रै देउवालाई केही अप्ठ्यारो पर्ने देखिन्छ । कोषाध्यक्ष पनि यसपटक मनोनीत हुनेछ । यसअघि १२औं र १३औं महाधिवेशनमा भने कोषाध्यक्ष प्रत्यक्ष निर्वाचित हुने प्रचलन थियो । तर यसपटक भने कोषाध्यक्ष मनोनीत हुने व्यवस्था छ । तर बाँकी १३ पदाधिकारी भने प्रत्यक्ष निर्वाचित भएका छन् ।

अघिल्लो महाधिवेशनहरुमा सभापति, एक महामन्त्री र एक कोषाध्यक्ष प्रत्यक्ष निर्वाचित हुन्थे भने बाँकी पद सभापतिले मनोनीत गर्ने नियम थियो । काँग्रेसमा एक उपसभापति, एक महामन्त्री र एक सहमहामन्त्री मनोनीत हुन्थ्यो ।

### सुस्ताएको...

इजलास कुनैपनि न्यायाधीशले साझेदारी गरेका छैनन् । बरु प्रधानन्यायाधीश सुनुवाइ नगरी बसिरहेका छन् । न्यायाधीशहरु काममा फर्किएको र बारको आन्दोलन पनि केही सुस्त भएको बुझेका प्रधानन्यायाधीश जबराले फेरि सक्रिय हुने संकेत पनि दिएका थिए । मंगलबार न्याय परिषद्को बैठक समेत बोलाए । तर बैठक भने बस्न सकेन ।


## तु-आवश्यकता

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

- Documentation Officer - 1 M/F
- Receptionist - 2 Female

तलब आपसी सहमतिमा

सम्वन्धित काममा २ वर्षको अनुभव भई अंग्रेजी राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । नेपाली टाइपिङ अनिवार्य जानेको हुनुपर्नेछ ।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
Tel.: 4489867, 4466772, 4466771, Mobile No. 9801388859
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com


## अजिरकोट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भच्चेक, गोरखा
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृती गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०७८/०९/०९

यस कार्यालयबाट मिति २०७८/०७/२९ को नागरिक दैनिक (राष्ट्रिय दैनिक) पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु मध्यबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.क. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ARM/NCB/ WORKS/ 01/078/79 | Construction of Ajirkot Bhachchek Sidibato | Lillian Ghale Construction Pvt. Ltd., KMC-29, Kathmandu | NRs. 15,81,354.72 (with VAT and PS) | |

**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ**
Bhijan Construction and Suppliers,Chitwan
Gorkha Kalika Construction Nepal, Gorkha
Aariz M.H. Construction Pvt. Ltd.,Kathmandu
Dipjyoti Nirman Sewa and Diparshan Hardware Suppliers, Gorkha

**माइग्रेशन सर्टिफिकेट हरायो**

मिति २०७८/०८/०२ गते अनामनगरबाट पुतलीसडकसम्म जाँदा मेरो निम्न ब्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध गर्दछु ।

नाम: सैलेश भट्टराई
सिम्बोल नं.: २४५०५३८३
रजिष्ट्रेशन नं.: ७२४५८५२५८
सर्म्पक नं.: ९८४००७७६४१

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५४/१०/०६ मा दर्ता भएको **प्रा.लि. नं. ९८१८** को **टीकापुर राइस एण्ड फ्लोर मिल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०९/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/११/१२ मा दर्ता भएको **प्रा.लि. नं. १२००५५** को **बाग्ती भण्डार फर्निचर एण्ड मल्टिपर्पोज भेनियर पाता इण्डस्ट्री प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०९/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा १ बमोजिम दर्ता खारेज गरिएको सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६९/०८/०३ मा दर्ता भएको **प्रा.लि. नं. १०७२९५** को **होटल लुङ्गता प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउं भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७०/०२/२६ मा दर्ता भएको **प्रा.लि. नं. ११२९७८** को **टुसाल गार्डेन रेष्टुरेण्ट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउं भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

Provincial Government
## Ministry of Physical Infrastructure Development
## Urban Development and Building Office
Morang, Biratnagar
(Province No.:-1, Nepal)

**Invitation For Bids (IFB):-UDBO/Morang/NCB/Works/07-2078/79**

**Date of publication: 2078/09/09 (24th Dec, 2021)**

1. **Provincial Government ,Provincial No.:- 1** has allocated funds towards the cost of construction for the works mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bids are open to all eligible Nepalese bidders.
2. **Urban Development and Building Office, Morang** invites Hardcopy Only bids form eligible bidders for following under national competitive bidding Procedure. Some of the information is mentioned below, through the details are in the bidding documents.

| S.N | Contract ID. | Description of works | Est. Amount (Without Vat) | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Bidding Procedure/ Date of Publication | Last Date Of Bid Purchase | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | UDBO/ Morang/ NCB/Works/ 07-01-2078/79 | Construction of Barah Sanskriti Building Works, Biratnagar-03, Bagaicha Tole, Morang. | 8,54,351.38 | 23,000.00 | 1,000.00 | Sealed Quotation Bidding Procedure(Hard Copy Only)/Second Date of Publication | 23th Paush 2078( 2022-01-07 ) At 16:00 | 25th Paush 2078( 2022-01-09 ) At 12:00 | 25th Paush 2078( 2022-01-09 ) At 13:00 |
| 2 | UDBO/ Morang/ NCB/Works/ 07-02-2078/79 | Construction Of Slab Culvert, Drain and Rigid Pavement Works at Nepal Chelibeti Disabled Women Society, Itahari-01, Aapgachhi, Sunsari | 17,09,337.08 | 46,000.00 | 1,000.00 | Sealed Quotation Bidding Procedure(Hard Copy Only)/ First Date of Publication | 23th Paush 2078( 2022-01-07 ) At 16:00 | 25th Paush 2078( 2022-01-09 ) At 12:00 | 25th Paush 2078( 2022-01-09 ) At 13:00 |

3. Employer Name : Urban Development and Building Office, Morang Email : **udbcomorang@gmail.com**
4. The Employer reserves the right to accept or reject any bid, and to annual the process and reject all bids at any time prior to contract award.

**Office Chief**

# चाल्स शोभराजको मुद्दामा कारण देखाउ आदेश



**काठमाडौं/मस-** सर्वोच्च अदालतले 'बिकिनी किलर' को रुपमा कुख्यात अन्तर्राष्ट्रिय अपराधी चाल्स शोभराज गुरुमुखको बन्दी प्रत्यक्षीकरणको मुद्दामा कारण देखाउ आदेश जारी गरेको छ।

सर्वोच्चले शोभराज गुरुमुखलाई ज्येष्ठ नागरिकले पाउने सुविधा पाउनुपर्ने हो कि होइन तीन दिनभित्र लिखित जवाफ पेस गर्न आदेश गरेको हो।

न्यायाधीश अनिलकुमार सिन्हाको एकल इजलासले बिहीबार उक्त विषयमा तीन दिनभित्र लिखित जवाफ पेश गर्न सरकारका नाममा कारण देखाउ आदेश जारी गरेको छ।

आफ्नो कैद अवधि भुक्तान भइसकेको दावीसहित दायर गरिएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा उक्त आदेश भएको हो। रिट निवेदनमा ज्येष्ठ नागरिकले पाउनुपर्ने सुविधाअनुसार आफूले कैद भुक्तान गरिसकेको उल्लेख छ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमका आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक ३ (तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुको नाउँमा म्याद सूचना पठाई सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमाअनुसार पेश गर्नु।'

बिकिनी किलरको रुपमा चर्चा पाएका फ्रान्सेली नागरिक शोभराजलाई नेपालमा दुई विदेशी नागरिकको हत्याको कसुरमा सर्वोच्च अदालतले जन्मकैद सजाय सुनाएको थियो।

कारागार नियमावली, २०२० ले ७० वर्ष उमेर पुगेका र असल आचरण भएका नागरिकलाई ७५ प्रतिशत कैद मिनाहा गर्न सकिने व्यवस्था गरेको छ। शोभराजले आफ्नो उमेर ७७ वर्षमाथि पुगेको भन्दै उक्त सुविधा पाउनुपर्ने दाबी गरेका छन्। शोभराजले यसअघि पटकपटक दिएका निवेदन दरपिठ भएका थिए।

# एमाले अर्घाखाँची अधिबेशनको तयारीमा

**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखााची, ८ पुस



नेकपा एमाले अर्घाखाँची जिल्ला अधिवेशनको तयारीमा जुटेको छ। एमाले जिल्ला कमिटीको १६ औं पूर्ण बैठकले जिल्ला अधिबेशनको निम्ति कार्ययोजना निर्माण गरेको छ। बिहीबार जिल्ला पार्टी कार्यालय सन्धिखर्कमा सम्पन्न बैठकले पुस २३ गते हुने अधिवेशनको निम्ति पुस १७ गते प्रतिनिधि चयन गर्ने निर्णय गरेको छ।

यसैगरी बैठकले प्रतिनिधि छनौटको मापदण्ड तय गर्दै जिल्ला अधिबेशन सम्पन्न गर्नको निम्ति विभिन्न उपसमिति समेत निर्माण गरेको छ।

एमाले अर्घाखा'चीका कार्यालय सचिव लिल बहादुर बि.क.का अनुसार जिल्ला अध्यक्ष चेतनारायण आचार्यको संयोजकत्वमा १ हजार १ सय ११ सदस्यीय मुल व्यवस्थापन समिति निर्माण गरिएको छ। यसैगरी अध्यक्ष आचार्य संयोजक, तोज बहादुर रायमाझी, श्रीकृष्ण भुसाल र ध्रुव के.सी. सदस्य रहेको राजनीतिक तथा सांगठनिक प्रतिवेदन लेखन उपसमिति, जिवनारायण कोइराला संयोजक, ईश्वरा पोख्रेल, रामबहादुर रायमाझी( क), विष्णु आचार्य र शुशिला गैरे सदस्य रहेको अतिथि सत्कार उपसमिति, बुद्धिराम भुसाल संयोजक, लिलबहादुर बि.क. र बावुराम शर्मा सदस्य रहेको आर्थिक प्रतिवेदन तयारी उपसमिति, प्रेमनारायण गैरे संयोजक, शोभाकर पन्थी, हिमबहादुर जि.सी.,गणेश खनाल, अर्जुन भुसाल, नवीन के.सी., बसन्त श्रेष्ठ छापेली, प्रदिप नेपाली, विष्णु कुमार आले, सविता आचार्य र अराज बेल्वासे सदस्य रहेको प्रचारप्रसार उपसमिति, श्रीकृष्ण भुसाल संयोजक, शिव अधिकारी, कुशल भुसाल, लक्ष्मण पराजुली, बलबहादुर बि.सी. र प्रकाश भुसाल सदस्य रहेको मञ्च तथा साउण्ड व्यवस्थापन उपसमिति, खुबिराम आचार्य संयोजक, झविन सुनाम, शुष्मा श्रेष्ठ, गोबिन्द भुसाल, गोविन्द आचार्य, कृष्णबहादुर भुसाल, प्रदिप नेपाली, भेषराज क्षेत्री र कमला खनाल भण्डारी सदस्य रहेको स्वयंसेवक परिचालन उपसमिति गठन गरिएको छ। यसैगरी तिलक मिश्र संयोजक, खगराज पोख्रेल, चुरामणी भुसाल, पुतला खनाल, रामप्रसाद घिमिरे र शिवप्रकाश जि.सी. सदस्य रहेको स्वास्थ्य उपसमिति, लिलबहादुर बि.क. संयोजक, शोभाकर पन्थी, कमल घिमिरे, भिम के.सी., लक्ष्मण नेपाली र मिश्रा आचार्य सदस्य रहेको प्रतिनिधि व्यवस्थापन उपसमिति पनि निर्माण गरिएको छ।

यस्तै बैठकले जिल्ला अधिबेशन सम्पन्न गर्नको लागि केवी भुसाल संयोजक, विजय खत्री, बावुराम शर्मा, टामलाल पाण्डेय, विष्णुराज बेल्वासे र दिलीपकुमार के.सी. सदस्य रहेको निर्वाचन कमिटी गठन गरि अनुमतिको लागि प्रदेश कमिटीमा सिफारिस गरेको छ। बैठकले पार्टीको आन्तरिक लेखापरीक्षणको लागि बावुराम शर्मा र टामलाल पाण्डेयलाई आन्तरिक लेखापरीक्षक नियुक्ति गरेको छ।

अधिवेसनमा करीब ५ सय जना प्रतिनिधि सहभागी हुने र सकभर सर्वसम्मत नेतृत्व चयनको निम्ति प्रयास गरिने एमाले अध्यक्ष आचार्यले बताए। बैठकमा मन्तव्य राख्दै नेकपा एमालेका केन्द्रीय सदस्य चन्द्रबहादुर खड्का उज्ज्वलले बिकास र समृद्धिको निम्ति नेकपा एमालेको बिकल्प नभएको बताए। उनले नेकपा एमालेलाई कमजोर पारी मुलुकमा अस्थिरता ल्याउने प्रतिगामी षड्यन्त्रको बिरुद्ध नेपाली जनता एकजुट भएको भन्दै आगामी निर्वाचनमा नेकपा एमालेले भारी बहुमत ल्याउने दाबीसमेत गरे।

नेकपा एमालेका केन्द्रीय सदस्य बोमबहादुर बि.क.ले उच्च मनोबलका साथ पार्टी काममा जुट्न कार्यकर्तालाई आग्रह गरे। उनले जिल्ला अधिवेशनलाई भव्य, सभ्य र व्यवस्थितरुपमा सम्पन्न गर्न आ-आफ्नो ठाउँबाट सहयोग पुर्याउन कार्यकर्तालाई आग्रह गरे। नेकपा एमालेका पुर्व केन्द्रीय सदस्य नजिर मियाँले आसन्न तीन तहका निर्वाचनलाई मध्यनजर गरि पार्टी काममा जुट्न कार्यकर्तालाई अग्रह गरे। नेकपा एमालेका केन्द्रीय सल्लाहकार नरेन्द्र कुमार क्षेत्रीले कम्युनिष्ट पार्टीको मूल प्रवाह नेकपा एमाले भएको भन्दै पार्टी प्रतिको जनआकर्षणलाई मध्यनजर गर्दै संगठन निर्माणलाई अभियानको रुपमा संचालन गर्नुपर्नेमा जोड दिए।

नेकपा एमालेका प्रदेश कमिटीका सचिवालय सदस्य रामजी प्रसाद घिमिरेले कार्यकर्ता र जनताको चाहना अनुसार सर्वसम्मत नेतृत्व चयनको निम्ति सबै पक्षको ध्यानाकर्षण गराए।

जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य आचार्यको अध्यक्षता र सचिव तोजबहादुर रायमाझीको संचालनमा सम्पन्न बैठकमा सन्धिखर्क नगर कमिटीका अध्यक्ष श्रीकृष्ण भुसाल, शीत गंगा नगर कमिटीका अध्यक्ष बसन्त श्रेष्ठ, मालारानी गाउँपालिका कमिटीका ईन्चार्ज तिलक मिश्र, पाणिनि गाउँपालिका कमिटीका अध्यक्ष कमल घिमिरे, भुमिकास्थान नगर कमिटीका अध्यक्ष मणि पौडेल र छत्रदेव गाउँपालिका कमिटीका सह-ईन्चार्ज भोजबहादुर रायमाझीले आ-आफ्नो कमिटीको सांगठनिक अबस्था र पार्टी गतिविधिको बारेमा रिपोर्टिङ गरेको नेकपा एमाले अर्घाखा'चीले जनाएको छ।

## जनपत्रकार संगठनद्वारा महासंघलाई ज्ञापनपत्र



**कमल खड्का/मध्यान्ह**
ललितपुर, ८ पुस

जनपत्रकार संगठन नेपालले श्रमजीवि पत्रकारका पारिश्रमिक, समानुपातिक विज्ञापन लगायतको पाँच बुँदे माग राख्दै नेपाल पत्रकार महासंघलाई ज्ञापनपत्र बुझाएको छ। संगठनले बुधबार महासंघको केन्द्रीय कार्यालय संचारग्राम पुगि अध्यक्ष विपुल पोखरेललाई भेटेर सो ज्ञापनपत्र बुझाएको हो। संगठनका केन्द्रीय संयोजक शेरबहादुर बिकलगायतका केन्द्रीय नेताहरुको उपस्थितिमा सो ज्ञापनपत्र बुझाइएको हो। ज्ञापनपत्र ग्रहण गर्दै महासंघका अध्यक्ष पोखरेलले संगठनको मागपत्रप्रति आफु संवेदनशील रहेको बताए।

मागपत्र बुझाउँदै संगठनका केन्द्रीय अध्यक्ष बिकले माग वेवास्ता गरिए चरणवद्ध संघर्ष गर्ने समेत बताएका थिए।


**माइग्रेशन सर्टिफिकेट हरायो**

मिति २०७८/०८/०२ गते अनामनगरबाट पुतलीसडकसम्म जाँदा मेरो निम्न ब्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु।

नाम: सिर्जना बुढाथोकी क्षेत्री
सिम्बोल नं.: २१९०२९४१
रजिष्ट्रेशन नं.: ७६१९३१०४८
सम्पर्क नं.: ९८१३८६२८५०

**माइग्रेशन सर्टिफिकेट हरायो**

मिति २०७८/०८/०२ गते अनामनगरबाट पुतलीसडकसम्म जाँदा मेरो निम्न ब्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु।

नाम: सिमन कार्की
सिम्बोल नं.: २४५०६९९७
रजिष्ट्रेशन नं.: ७६४९४०१०३
सम्पर्क नं.: ९८००८७७९५२



**Birtamode Municipality**
**Office of Municipal Executive**
**Province no.-1, Birtamode, Jhapa**

**Invitation for Bids**

Contract Identification no: **BTMMUN/GOODS/SQ-24/078-79**
***Date of publication for first time: 2078/09/09***

1. Birtamode Municipality has allocated funds for the Procurement of natural Sand Gravel Sub base. The Municipality intends to apply the funds to cover eligible payments under the Contract for Procurement of Sub-Base Materials. Bid is open to all eligible Nepalese Bidders.

| S.N | Contract Identification No. | Description of Work | Bid Security Amount. NRS | Price of Bid Doc. in NRS | Estimated Amount (With VAT & PS) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | BTMMUN/GOODS/SQ-24/078-79 | Procurement of natural Sand Gravel Sub base materials | NRs. 36,000.00 | NRs. 1000.00 | NRs. 14,37,500 | 75 days |

2. The Birtamode Municipality invites sealed bids from registered Bidders Procurement of natural Sand Gravel Sub base materials. Detailed Evaluation and Qualification Criteria are provided in Section V of the Bid Documents.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Birtamode Municipality, Office of Municipal Executive or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
   ***Information to deposit the cost of bidding document in Bank:***
   *Name of the Bank* ***NIC Asia Bank, Birtamode, Jhapa***
   *Name of Office:* **Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa**
   *Office Account no.:- Dharauti 246CA50018870005 (For the deposit of Bid Security Amount)*
   *Project Rajaswa Account No. :- 246CA50018870002 (For the cost of Bid Document)*
   *Office Code No.:- 801011205*
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or **before 12.00 Hrs. of 25th Poush, 2078.** All bids must be accompanied by a Bid Security as specified in notice with validity period for 30 days beyond the validity period for the bid in accordance with clause 19 of ITB in PDF format. Bids received after this deadline will be rejected. Bids will be opened in the presence of Bidders' representatives who choose to attend in person at the Office of Birtamode Municipality, Office of Municipal Excecutive, Birtamode, Jhapa immediately after the submission deadline at 14:00 Noon of **25th Poush, 2078.**
5. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the Birtamode Municipality Birtamode, Jhapa, Dharauti Account no: ***246CA50018870005*** **Dharauti Khata** at NIC Asisa Bank, Birtamode, Jhapa branch and submit the receipt of the deposited amount of cash along with the bid.
6. Information or data submitted by the bidder which is either incomplete or unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
7. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Other Related rules and regulation are as per Public Procurement Act – 2063 and Public Procurement Regulation – 2064.
10. The Purchasers reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever

**Chief Administrative Officer**



**साउदीमा रोजगार** | कम्पनी : **HASHEMITE BAQER AL MUSALLAM CAR WASH.** शहर: **DAMMAM**

पूर्व स्वीकृत मितिः २०७८/०९/०६ चलानी नं.: ६०१७११४० **L.T. No.:254296**

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष १६ गते (31 December 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Kankai Recruitment suppliers Pvt. Ltd.**
Gov. Lic No. 946/067/068
Basundhara, Kathmandu, Nepal. Mobile : 9851144845
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com

**कतारमा रोजगारको अवसर** | १. कम्पनी: **JAMA PLASTIC FACTORY** शहर: **DOHA**

पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३०५४ L.T. No.: 245798 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

१०. कम्पनी: **ITALIANO HOSPITALITY AND CLEANING WLL** शहर: **DOHA**
पूर्व स्वीकृत मितिः २०७८/०५/१० चलानी नं.: ६०१६१९६६ L.T. No.: 244498 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 7 | स. काममा दक्ष | 1000 | ३३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष १६ गते (31 December 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9851085526, Email: info.royal1034@Gmail.com

**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी: **SILVER GULF (GULF SILVER) GROUP FOR RESTAURANT MANAGEMENT COMPANY.** शहर: **KUWAIT**
पूर्व स्वीकृत मितिः २०७८/०८/०२ चलानी नं.: ६०१६६८८९ LT. No.: 249742 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waitress | 0 | 20 | सम्बन्धित काममा दक्ष | 120 | ४७,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Line Cook | 20 | 0 | | 140 | ५५७३८ | | | | | | | |
| 3. | Cleaner | 10 | 0 | | 100 | ३९,८१३ | | | | | | | |
| 4. | Chef Assistant. | 20 | 0 | | 150 | ५९,७१९ | | | | | | | |
| 5. | Chef | 5 | 0 | | 170 | ६७,६८२ | | | | | | | |

२. कम्पनी: **AL-KHABAZ CO FOR FOOD STUFF & RESTAURANT MANAGEMENT.** शहर: **KUWAIT**
पूर्व स्वीकृत मितिः २०७८/०८/१२ चलानी नं.: ६०१६८९१७ LT. No.: 252075 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 30 | 0 | सम्बन्धित काममा दक्ष | 145 | ५७,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 30 | 0 | | 120 | ४७,७७५ | | | | | | | |
| 3. | Light Labour | 30 | 0 | | 100 | ३९,८१३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष १६ गते (31 December 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**सदिक्षा ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६
सामाखुसी टाउन प्लानिङ्ग (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल, फ्याक्स : ४३८६५२५
फोन: ४३८०१८१, ४३८८२००, ४३८६५२५
Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np



**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा **ADMISSION OPEN** गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

### असान्दर्भिक प्रस्ताव

प्रथम राष्ट्रिय सम्मेलनको तयारीमा जुटेको सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रमा प्रचण्डपथको चर्चा फेरि शुरू भएको छ । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड निकट मानिने नेता जनार्दन शर्माले प्रचण्डपथ छोड्नु गम्भीर गल्ती भएको बताएका थिए । गएको पुस १ गते जनसांस्कृतिक महासंघको सातौं राष्ट्रिय सम्मेलन उद्घाटन गर्दै अर्थमन्त्री समेत रहेका शर्माले पार्टीको सशक्तिकरणका निम्ति प्रचण्डपथको संश्लेषण आवश्यक रहेको बताएका थिए । शर्माको अभिव्यक्तिलाई माओवादी केन्द्रभित्र मात्रै नभएर राष्ट्रिय राजनीतिमै चासोका साथ हेरिएको छ । चार वर्ष अगाडि पनि शर्माले प्रचण्डपथ अप्राशंगिक नरहेको बताएका थिए । तर नेकपा एमालेसँग माओवादी केन्द्रको एकता भयो । पार्टी एकता भएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनेपछि माओवादीमा प्रचण्डपथको प्रशंग अन्त्य भयो ।


नेकपा बनिरहँदा माओवादी केन्द्रले माओवाद र एमालेले जनताको बहुदलीय जनवाद (जबज) स्थगित गरेका थिए । त्यसको साटो मार्क्सवाद र लेनिनवादलाई मार्गदर्शक सिद्धान्त र कार्यक्रम जनताको जनवाद हुने उल्लेख गरिएको थियो । तर गएको वर्ष २३ फागुनमा नेकपाको एकता प्रक्रिया भंग गर्ने सर्वोच्च अदालतको फैसला आयो । फैसलाले नेकपाको एकता प्रक्रिया भंग मात्रै गरेन, एमाले र माओवादी केन्द्र पुनर्स्थापना गर्ने निर्णय सुनायो । पुनर्स्थापित एमालेले गएको १४ मंसिरमा १०औं राष्ट्रिय महाधिवेशन गरिसकेको छ । आगामी पुस ११ गतेदेखि माओवादी केन्द्रले पनि सम्मेलनको तयारी गरिरहेको छ । यस्तो बेला १५ वर्ष अगाडिदेखि मान्न छोडेको प्रचण्डपथबारे फेरि चर्चा शुरू भएको छ ।

२०६२ सालपछि माओवादीले शुरू गरेको सशस्त्र आन्दोलनका बेला पथप्रदर्शक कार्यक्रमका रूपमा अगाडि बढाएको प्रचण्डपथबारे फेरि छलफल हुँदा माओवादी केन्द्रभित्रै पनि मतभेद देखिएको छ । किनकि नारायणकाजी श्रेष्ठ नेतृत्वको नेकपा एकता केन्द्र मशालसँग माओवादीको एकता भएपछि प्रचण्डपथ मान्न छोडिएको थियो । फेरि त्यही प्रचण्डपथ छोड्नु गम्भीर गल्ती भएको बताइनुले यसबारे राष्ट्रिय सम्मेलनमा फेरि छलफल हुन सक्छ । तर माओवादीका कतिपय नेताहरूले भने समाजवादलाई नै पथप्रदर्शक सिद्धान्त मानेर जाने पनि बताइरहेका छन् । संविधानमै समाजवाद उन्मुख मुलुक भनिएकाले समाजवाद पथप्रदर्शक हुनु स्वभाविक हो । तर सशस्त्र आन्दोलनको संश्लेषणका रूपमा लिइएको प्रचण्डपथतिर माओवादी फर्किनेबारे छलफल गर्नु चाहिँ आजको समाज र स्वयम् पार्टीका निम्ति पनि उचित देखिन्न ।

# बहसमा बुद्धिजीवीको भूमिका

**समाज विकासका चरणहरु नबुझ्ने वा बुझ्न नखोज्ने वा बुझपचाउने प्रवृतिका बुद्धिजीवीहरु वास्तवमा बुद्धिजीवी होइनन्, यस्ता प्रवृतिका बुद्धिजीवी थेसिस लेख्ने परजीवी बुद्धिजीवी मात्र हुन ।**

अग्रलेख



● विष्णुप्रसाद पाण्डेय

क्रान्ति शब्दको उच्चारण हुनासाथ आफूलाई पढे लेखेका अब्बल दर्जाका बुद्धिजीवी भन्नेहरुको आङ्ग नै सिरिङ्ग हुन पुग्दछ । किताबी ज्ञान र अध्ययन डिग्रीका आधारमा बुद्धिको मापन गर्ने बानी परेको हाम्रो समाजले क्रान्तिभित्र मारकाट र गोलाबारुद बाहेक अरु देख्दैन । अर्काथरी केही बुद्धिजीवीहरु जसले आफुलाई क्रान्तिकारी बुद्धिजीवी भन्न रुचाउछन्; उनीहरू क्रान्तिको बौद्धिक तयारीलाई पुरै रुपमा नकारी अन्धबौद्दिकता विरोधिपनलाई क्रान्तिकारी चरित्रको रुपमा परिभाषित गर्दै बुद्धिजीवीहरू गफस्टक, कामचोर र परजीवी स्वभावका मात्र हुने देख्छन ।

आज सामाजिक र भौतिक विज्ञानको श्रेत्रमा चमत्कारिक परिवर्तनहरु भएका छन् । समाज विकासको प्रक्रियालाई नबुझेर हो वा बुझ्ने प्रयास नगरेर हो वा बुझेर पनि बुझपचाएर हो, भौतिक विकासको क्रममा समाजको द्वन्दवादी विकासको क्रमलाई बुझपचाउने केही स्वघोषित बुद्धिजीवीहरूले समाजको अन्तरविरोधात्मक शक्तिहरूको द्वन्दले नै कुनै बस्तुलाई गति प्रधान गर्छ भन्ने भौतिक विज्ञानले नै प्रमाणित गरेको मान्यतालाई आत्मसात गर्न खोजेको पाइदैन । मानव समाज गतिशील हुन्छ त्यसैले इतिहासका प्रत्येक चरणमा विधमान उत्पादन प्रणालीको स्तर अनुसारको द्वन्द चलिरहन्छ । मानव समाजको द्वन्दको यस क्रममा यथास्थितिवादी सोंच र चिन्तनमाथि परिवर्तनकारी सोंच र चिन्तनले सदैव विजय हासिल गरेको हुन्छ । यो द्वन्दको नियम नै हो । समाज उत्पादनका साधनहरुको भण्डार हो । समाजमा मानव साधन, भौतिक साधन र आर्थिक साधनको अस्तित्व हुन्छ । यी साधनहरु कहिलेकाहीं साधन मात्र नभएर साध्य पनि बन्न पुग्छन । समाज निर्माणको अस्तित्वमा रहेका यी आधारहरू जब उत्पादन प्रणालीका मेहनतकस जनताको हातमा पर्छ तब समाजमा प्रगतिवादी परिवर्तन देखा पर्छ । तर जब यी उत्पादनका साधनहरु सिमित पुँजिवादी सामन्तको हातमा पर्छ, समाज विकासको प्रगतिवादी क्रम अवरुद्ध हुन्छन, समाज सिमित वर्गको कब्जामा पर्छ । यसबाट आमजनतालाई मुक्ति गर्ने मार्ग भनेको जनक्रान्ति नै हो ।

इतिहासको लामो कालखण्डदेखि नै श्रम र बुद्धिजीवीहरूलाई अन्तरविरोधात्मक गुणका रुपमा चित्रण गरेको छ । यथार्थमा श्रमले उत्पादन र त्यसमा लाग्ने मेहनतलाई जनाउँछ भने बुद्धिले श्रमबाट उत्पादन हुने चेतना र त्यसको स्तरलाई जनाउँछ । बास्तवमा श्रम नै उत्पादनको सारतत्व हो ।हामीले श्रमको परिभाषाभित्र हातखुट्टाले गर्ने श्रम अर्थात भौतिक श्रमलाई सम्झन्छौ तर मानसिक श्रमलाई विर्सन्छौं । उत्पादनका साधनहरू भनेको मानिस, अर्थ, भौतिक साम्राग्री र प्रविधिको संयोजन हो । मानिस उत्पादनको त्यस्तो साधन वा आधार हो जसले शारिरिक र मानसिक दुबै प्रकारको श्रमको प्रयोग गर्छ । श्रमको व्यवहारिक प्रयोगको द्धारबाट नै चेतनाको प्रस्फुटन हुन्छ भने चेतनाले श्रमको वौद्धिक र सहज प्रयोग गर्छ।आज श्रमको यही परिभाषाबीचमा अन्तरविरोध छ ।बास्तवमा अन्तरविरोध हातखुट्टा र गिदीबीचको होइन, यसको प्रयोगकर्ताको सोंच र चिन्तनमा हो ।

कुनै पनि वस्तु वा घटनालाई समय, स्थान र सन्दर्भका आधारमा सापेक्षतावादमा आधारित भई विश्लेषण गर्नु पर्नेमा सो नगरी मनोगतवादी ढंगले विश्लेषण गरिन्छ तब अतिवादको जन्म हुन्छ । नेपाली समाज अहिले अतिवादको शिकार भइरहेको छ । केही बुद्धिजीवीले नेपालको राजनीति र समाज विकासमा आएको परिवर्तनलाई जनक्रान्तिको आधारका रुपमा पचाउन सकेका छैनन । परिवर्तनमा खासै भूमिका नभएका र भूमिका नखेलेका स्वघोषित बुद्धिजीवीहरुलाई यो भान पर्नु स्वभाविक नै हो । आर्थिक उदारिकरण र विश्वभूमण्डलीकरणको सुगा रटाई विकासको फगत कार्यपत्र तयार पार्नेहरूलाई के थाहा र- बुद्धिजीवी त्यस्तो व्यक्ति हो जसले बुद्धिको प्रयोगबाट वस्तुको उत्पादन गर्छ वा उत्पादनमा सहयोग गर्छ र त्यसबाट जिविका पार्जनमा प्रत्यक्ष



> यदि बुद्धिजीवीहरु विचारलाई विस्तारा लगाएर सुत्यौं भने विश्वव्यापीकरण, आर्थिक उदारीकरण र विकासमा सहयोगका नाममा वैदेशिक उपनिवेश बन्न बाध्य हुनेछौं । यसबाट निकास पाउन भोली देशमा गोली र बारुदको खेल खेल्नै पर्छ, त्यसैले बुद्धिजीवीहरुले स्वर्णिम इतिहास निर्माणका लागि पहल गरौं नत्र इतिहासले गिज्याउने छ ।

वा परोक्षरुपमा जिविका चलाउँछ भन्ने कुरा । समाज विकासका यी चरणहरु नबुझ्ने वा बुझ्न नखोज्ने वा बुझपचाउने यस्ता प्रवृतिका बुद्धिजीवीहरु वास्तवमा बुद्धिजीवी होइनन् । यस्ता प्रवृतिका बुद्धिजिवी थेसिस लेख्ने परजीवी बुद्धिजीवी मात्र हुन ।

मान्छेको श्रमले उब्जाएको खाद्य सामाग्रीले मान्छेलाई श्रम गर्न सक्षम बनाए जस्तै समाजका द्धन्दात्मक शक्तिहरूको अन्तर मिलनले बुद्धिको सिर्जना गर्छ र बुद्धिजीवीको थप बौद्धिक श्रमको उत्पादक लगानीले समाजिक द्धन्दात्मक प्रक्रियालाई तिव्रतर गति प्रदान गर्छ । यही अनवरत लेनदेन प्रक्रियाको परिणामस्वरुप नै सामाजिक श्रमले बानरलाई मान्छे बनाइदियो भने मान्छेले ढुंगेयुगीन समाजलाई आणविकयुगीन मान्छे बनाइ दियो । (डा. बाबुराम भट्टराई, नेपाली क्रान्तिका आधारहरू)

अहिले नेपालमा प्रगतिवादी बुद्धिजीवी र परजीवी बुद्धिजीवीहरुका बीच तिव्र अन्तरसंघर्ष चलिरहेको छ । कतिपय बुद्धिजीवीहरू विकासको गतिलाई उल्टो क्रममा हिडाउन खोज्दै समाज परिवर्तनका संघर्षमय घटनाक्रमहरुलाई नजरअन्दाज गर्न खोज्दैछन । आफू अगाडी सिंगो उभिएको नेपाली समाजको कारुणिक तस्विर नदेखेर सोझा नागरिकहरूलाई अमेरिका र बेलायतका सपनाहरु बाँड्ने गरेका छन । एउटै समयमा विभिन्न देशका समाजहरु विकासका विभिन्न चरणमा रहेको र एउटै देशभित्र पनि विभिन्न क्षेत्र अलग अलग विकासको चरणमा रहने र रहेको सन्दर्भमा बुद्धिजीवीहरुले आफ्नो भूमिकालाई सोहीअनुरूप बनाउनु पर्ने जरुरी हुन्छ । तर लाज पचिसकेका यथास्थिति र प्रगति विरोधी बुद्धिजीवी भनाउँदाहरुलाई ढुलमुले अवसरवादको प्रयोग गर्दै समाजलाई तटस्थतामा घुमाई राख्नुमा भने एक प्रकारको आनन्दानुभुती हुन्छ नै ।

समाज वर्गीय छ र वर्गीय समाजमा बुद्धिजीवीहरू पनि समाजको चरित्रअनुसार विभाजित हुनु स्वभाविक नै हो । यस्तो समाजमा समाजमा हुने प्रत्यक्ष र परोक्ष वर्ग संघर्षले बुद्धिजीवीहरुलाई कुनै न कुनै पक्षको पक्षपोषण गर्न बाध्य बनाउँछ नै । श्रमसँग जोडिएका बुद्धिजीवीहरुले श्रम, उत्पादन र चेतनालाई एकाकार गर्न खोजिरहेका हुन्छन जो यथार्थता पनि हो भने अर्का थरी बुद्धिजीवीहरु डिग्रीलाई सिरानीमा राखी आफूलाई समाजका अब्वल नागरिक ठानी फगत बुद्धिको पण्डित्याई गर्छन । उनीहरू मानिसको बुद्धि चेतनासँग एकाकार हुन्छ र चेतना समय, परिस्थिती र परिवेशले निर्माण गर्छ भन्ने मान्न तयार हुँदैनन् ।

मानिस संसारका सम्पूर्ण प्राणी जगतहरू मध्ये सर्वश्रेष्ठ गिदी भएको प्राणी हो जो आणविक औजारभन्दा पनि जटिल, बलियो र प्रभावकारी हुन्छ ।यो हतियार खेलाउने सुविधाप्राप्त वर्ग भनेको बुद्धिजीवी नै हो । यदी बुद्धिजीवीहरुले यो हतियार मानव सभ्यताको विकाससँगै समाज रुपान्तरणका पक्षमा प्रयोग गर्ने हो भने नयाँ र स्वर्णिम इतिहासको निर्माणमा काम लाग्न सक्छ नत्र इतिहासका फोहर रच्छ्यानमा बुद्धिजीवीहरू विसर्जन हुन पुग्छन् । हाम्रो वर्गिय समाजले वर्गिय युद्धको आव्हान गरिरहेको सन्दर्भमा एक दिन यो डढेलोसरी संसारभर फैलने छ र सारा संसारलाई जलाउने छ ।

